# परशुराम नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
जोगबुडा, डडेल्धुरा
सुदूरपश्चिम, प्रदेश, नेपाल

फोन नं: ०९६४११००४

## ईन्जिनियर करारमा पदपूर्ति गर्ने सम्बन्धमा सूचना

(प्रथम पटक प्रकाशित मिति: २०८०/०९/०३)

प्रस्तुत विषयमा यस परशुराम नगरपालिकाको लागि आवश्यक ईन्जिनियर पद करारमा पदपूर्तिका लागि देहाय बमोजिमको योग्यता पुगेको इच्छुक नेपाली नागरिकले १५ दिनभित्र माग बमोजिमका विवरण र राजस्व तिरेको रसिद सहित यस कार्यालयमा निवेदन दिनुहुन अनुरोध छ।

| क.स. | विज्ञापन नं. | पद | तह | संख्या |
|---|---|---|---|---|
| १. | ०२।०८०।०८१ | ईन्जिनियर | छैठौं | १ |

१. आवश्यक न्यूनतम योग्यता र अनुभवः

क. सिभिल इन्जिनियरिङमा स्नातक तह उत्तीर्ण भएको।

ख. अनुभव र सीपः ईन्जिनियर पदमा देहायका अनुभव र सीप आवश्यक पर्नेछः

- पूर्वाधारको निर्माण र मर्मतका लागि आयोजनाको लागत अनुमान, सुपरीवेक्षण र अन्तिम लागत विवरण तयार तथा जाँच गर्न सक्ने र विश्लेषण गर्न सक्ने, आयोजनाको लक्ष्य र परिणाम हासिल गर्न टोलीमा काम गरेको अनुभव।
- कम्तिमा २ वर्ष सरकारी सेवामा काम गरेको अनुभव भएको उम्मेदवारलाई प्राथमिकता दिईनेछ।

ग. उमेरः कम्तीमा २१ वर्ष पुरा भई ४५ वर्ष ननाघेको।

२. दरखास्त दिने स्थानः परशुराम नगरपालिकाको कार्यालय, जोगबुडा, डडेल्धुरा ।

३. दरखास्त दिने अन्तिम मितिः २०८०/०९/१७ गते कार्यालय समयभित्र।

४. आवेदकको दस्तुरः रु. १००० (एक हजार) रूपैया मात्र (नेपाल बैंक लिमिटेडमा रहेको यस नगरपालिकाको आन्तरिक राजस्व खाता नं. २४४०३०००००१००१००००००१ मा जम्मा गरेको सक्कल भौचर)

५. छनौटको किसिमः लिखित परीक्षा र अन्तर्वार्ता।

६. आवेदन साथ संलग्न कागजातहरूः आवेदक स्वयमले प्रमाणित गरेको देहाय बमोजिम कागजातको प्रतिलिपि

- नागरिकताको फोटोकपी, न्यूनतम योग्यताको लब्धांक प्रमाणपत्र, चारित्रिक प्रमाणपत्र, अनुभव खुल्ने कागजात, नेपाल इन्जिनियरिङ्ग परिषदमा दर्ता गरेको प्रमाणपत्र र २ प्रति पासपोर्ट आकारको फोटो।

७. सेवा सुविधाः नेपाल सरकारको छैठौं तहको सुरु तलब स्केल।

८. पदले सम्पादित गर्नुपर्ने कार्य विवरणः नगरपालिका अन्तर्गत सञ्चालित विकास योजनाहरुको सम्पुर्ण काम एवं कार्यालयले तोकेबमोजिमका अन्य कार्यहरु।

९. थप जानकारीको लागि कार्यालय समयमा कार्यालयमा सम्पर्क गर्नुहुन।

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अ...

CamScanner